## सिट्रस ग्रिनिङ्ग रोगको परिचय र लक्षण

सुन्तलाजात फलफूलमा लाग्ने व्याक्टेरियाजन्य citrus greening रोगलाई ह्वाङ्गलाङ्गविन HLB भनिन्छ। यो रोगको संवाहक सिट्रस सिल्ला कीरा प्रायः १९०० मि. उचाई भन्दा तल, गर्मी क्षेत्रमा बढी मात्रामा पाईन्छ। रोग व्यवस्थापनका लागि रोगको लक्षण, क्षतिको प्रकृतिका अलवा संवाहक कीरालाई पहिचान गर्नु पर्दछ। सिट्रस सिल्ला कीरा कामिनी फूल, कडी पत्ताको बोटमा भेटिन्छ।यो कीराको बिभिन्न अवस्थालाई प्राकृतिक रुपमा स्त्री स्वभावको खपटे र बिभिन्न जीवहरुले नियन्त्रण गर्दछन्।

यो रोगले संक्रमित गरेका बोटहरु शुरुमा पातका नशाहरुको बीचको भाग पहेंलो हुन्छ भने नशाहरु हरियो नै रहन्छ एवं पात सानो हुन्छ। यसको लक्षण जिंकको कमीको लक्षणसंग मेल खान्छ। अतः जिंक तत्व हालेर हेर्दा लक्षण सुधार भएन भने ग्रीनिंङ्ग रोग लागेको बुझ्नु पर्छ। यसको अलवा बोट टुप्पोवाट मर्न थाल्छ। बेमौसममा फूल फूल्ने र फल लाग्ने गर्छ। फलको आकार सानो र हेर्दा आकर्षक नहुने, फल बीचबाट काटेर हेर्दा दुबै काटेको भागमा गुदी बरावर रहेको हुदैन र बीयाँ समेत दिउल नभएको फोस्रो हुन्छ तथा उत्पादन कम हुदै जाने र अन्तमा बोट सुक्ने हुन्छ। यो रोग एउटा क्षेत्रमा देखिए पछि समयमै नियन्त्रण गर्न नसके सम्पूर्ण बगैंचा नै सखाप हुन्छ। हालसम्म यसको व्यवस्थापनको सहि तरिका पत्ता लागेको छैन।

## व्यवस्थापन

- ११०० मिटर उचाई भन्दा तल्लो क्षेत्रका साथै त्यसभन्दा माथिको बगैंचामा संवाहक कीरा सिट्रस सिल्लाको अनुगमन, निरीक्षण गर्नु पर्दछ।
- जहिलेपनि रोग संवाहक सिट्रस सिल्ला कीरा नभेटिने वा ११०० मि. भन्दा बढी उचाईमा रहेको नर्सरीबाट बिरुवा लिनु पर्दछ।
- स्क्रिन हाउस भित्रको बडउड् प्रमाणीकरण गरी उत्पादन गरिएका नर्सरी बिरुवा मात्र रोपण गर्नु पर्दछ।
- आधुनिक नर्सरी व्यवस्थापन गरी स्वस्थ बेर्ना उत्पादन, स्क्रिन हाउसमा सायन लिने माउबोट उत्पादन गर्नु पर्दछ।
- संवाहक कीरा सिल्ला व्यवस्थापनका लागि कीटनाशक बिषादी प्रयोग गरी नियन्त्रण गर्नु पर्दछ।
- रोगको एकीकृत व्यवस्थापनका लागि रोगग्रस्त क्षेत्र पहिचान र सर्वेक्षण, रोग पहिचानका लागि स्थलगत रुपमा स्क्रयाच विधिको प्रयोग साथै पिसिआर परीक्षणको दायरा बढाउनु पर्दछ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई अवलम्बन गर्नु पर्दछ साथै रोग बारेमा सचेतनात्मक कृयाकलापहरु संचालन गर्ने साथै रोगी बोट नष्ट गर्न सबै सरोकारवालाहरु लाग्नु पर्ने हुन्छ।

## जुनार तथा सुन्तलाजात फलफूल कृषकहरुलाई अनुरोध

तपाईको जुनार तथा सुन्तलाजात फलफूल बगैचामा सिट्रस ग्रिनिङ्ग रोगको लक्षण देखा परेमा स्थानीय तह/वडा कार्यालय वा कृषि ज्ञान केन्द्र वा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, सिन्धुलीमा कृषि प्राविधिकलाई जानकारी गराउन हुन अनुरोध छ।

## सुन्तलाजात फलफूलको ग्रिनिङ्ग रोगको अनुगमन गरौं।



पात, फल र बोटमा रोगको लक्षण


**सुन्तलाजात फलफूलमा लाग्ने सिट्रस ग्रिनिङ्ग रोग पहिचान र व्यवस्थापनका लागि सचेत बनौं।**

## सुन्तलाजात फलफूलको घातक ग्रिनिङ्ग रोगको संवाहक सिट्रस सिल्ला कीराको पहिचान गरि नियमित अनुगमन गरौं।




प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, सिन्धुली
Email : pmamp.piu.sindhuli1@gmail.com, Website : https://piusindhuli.pmamp.gov.np

आ.व. २०७८/७९ पौष, २०७८



# सुन्तलाजात फलफूलमा लाग्ने सिट्रस ग्रिनिङ्ग रोग

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, सिन्धुली
फोन: ०४७-६९२०२७